# कचनकवल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बनियानी, झापा

**गाउँसभामा कचनकवल गाउँपालिका उपाध्यक्ष**

**श्री नवराज भट्टराईज्यू द्वारा मिति २०८० असार १० गते प्रस्तुत गरिएको**



# बजेट वक्तव्य

## आ.व. २०८०/०८१

**कचनकवल गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को बजेट**

गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यू

गाउँसभाका सदस्य ज्यूहरु

कर्मचारी तथा संचारकर्मी मित्रहरु

सम्पूर्ण देश विदेशमा रही सामाजिक संजाल मार्फत जोडीनु भएका कचनकवलबासीमा हार्दिक अभिवादन,

नेपाली जनताले राजनीतिक परिवर्तनका लागि गरेको संघर्षबाट नेपालको संविधान जारी भई मुलुक संघ, प्रदेश र स्थानीय तहमा रुपान्तरण भएको छ। स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्दै संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सह-अस्तित्व र समन्वयनलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिक्ष्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरि कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजबाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरि स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै कचनकवल गाउँपालिकालाई सफल, स्थिर र दिगो बनाई जनतालाई अधिकतम सेवा सुविधा उपलब्ध गराउदै विकासका समग्र सूचकलाई दिगो विकास (SDG) संग आबद्ध गर्दै उत्कृष्ठ पालिका बनाउन स्थानीय सरकार अग्रसर छ।

हामी निर्वाचित भएर आए पछि, दोस्रो गाउँसभाको तेस्रो अधिवेशन मा हामी छौं. यस गाउँसभाको एक आर्थिक बर्ष सम्पन्न हुँदै गर्दा यस सम्मानित सभाबाट २०७९/८० का लागि पारित नीति तथा कार्यक्रम, बजेट सफलता पुर्वक कार्यान्वयन गर्न सघाउ पुर्याउनु हुने सम्पूर्ण कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवशायी, सामाजिक संघसंस्थालाई धन्यवाद ज्ञापन गर्दै सदैव रचनात्मक सल्लाह सुझाव र खबरदारीका लागि समग्र कचनकवलबासी आमा-बुवा, दाजु-भाई तथा दिदि-बहिनि प्रति कृतज्ञता व्यक्त गर्दछु . कचनकवलको सर्वाङ्गीण विकास मार्फत पालिकाबासी समग्र जनसमुदाय हरुको हित र कल्याणका लागि गरिएका प्रतिवद्धता र बचनबद्धता प्रति कटिबद्ध छौं .यस ऐतिहासिक अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछौं . ती आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा वहाँहरुले पुर्याउनु भएको उच्च योगदानको पुन:स्मरण गर्न चाहन्छौं .

आर्थिक बर्ष २०८०/८१ का लागि कचनकवल गाउँपालिकाको गरिमामय सभा समक्ष आय-व्यय (चालु र पुँजीगत) बजेट सार्वजनिक गर्न उपस्थित भएको छु . संघीय शासन प्रणालीको मर्म बमोजिम आज हामीले स्थानीय सरकार संचालन गर्ने अधिकार प्राप्त गरि रहदा संविधानले व्यवस्था गरे बमोजिम **"उत्पादन, रोजगार र पूर्वाधार : कचनकवल विकास र समृद्धिको आधार"** भन्ने नारालाई सार्थकता दिन आर्थिक बर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न पाउदा हर्सको अनुभूति संगै गहन जिम्मेवारीको बोध पनि गरेका छौं .हाम्रो देश नेपालले लिएको दिगो विकासको लक्ष्य एवम समृद्ध कचनकवल, सुखी गाउँबासिको आकाङ्क्षालाई पुरा गर्न यस कचनकवल गाउँपालिकाले आ.ब. २०८०/८१ को बजेटमा आर्थिक विकास, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वन, वातावरण, विपद् व्यवस्थापन तथा पर्यटन विकास, सुशासन तथा संस्थागत विकासमा यो बजेटले जोड दिएको छ .

हाम्रो जस्तो सिमित अन्तरिक श्रोत भएको पालिका र हाम्रा असिमित बिकासका चाहनाहरु लाई प्राथमिकीकरण गर्दै पुरा गर्नु पर्ने जिम्मेवारी तपाई हामी सामु छ . आर्थिक मन्दीका बाबजुत गरिवीको रेखामुनि रहेका कचनकवलबाशीहरु को जीवनमा परिवर्तन ल्याई समतामुलक समाज निर्माण गर्ने अभिभारा हाम्रो सामु छ . ति अभिभाराहरु पुरा गर्न ३ खम्बे अर्थनीति सरकारी, सहकारी र निजि क्षेत्रलाई समेटी बजेटमा समग्र क्षेत्रको सन्तुलनमा विषेश ध्यान दिदै उत्पादन, उत्पादकत्व वृद्धि, रोजगारी सृजना, गुणस्तरीय शिक्षा, सर्वशुलभ स्वस्थ, स्वस्थ्यका लागि खेलकुद, गुणस्तरीय सडक पूर्वाधारको विकाश, पर्यटन प्रवर्धन गर्न 'बन्दैछ कचनकवल स्तम्भ' योजना, पर्यावरण, फरक क्षमता भएका व्यक्तिकालागि विशेष कार्यक्रम, महिला, बालबालिका तथा युवा लक्षित वर्गका लागि बजेटमा व्यवस्था गरिएको छ . यस बजेटमा समग्र कचनकवलबासीको हितमा गर्नु पर्ने धेरै कामहरु यस बजेट तथा कार्यक्रम मार्फत समेट्न नसकिएका विषय र क्षेत्रहरुलाई निरन्तर आगामी दिनहरुमा समेट्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु .

यस कचनकवल गाउँपालिकाको दिगो विकासका लागि गाउँपालिकाको आन्तरिक स्रोत, संघिय तथा प्रदेश सरकारको स्रोत वाडफाँटवाट र राजस्व वाडफँटवाट प्राप्त हुने रकम, संघिय तथा प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान, समपुरक तथा ससर्तमा उल्लेखित कार्यक्रम समेतका आधारमा आर्थिक वर्ष २०८०/८१ मा संचालन हुने कार्यक्रमहरु तयार पारेको छु । आगामि आर्थिक वर्षको वजेट तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधान २०७२ मा भएका व्यवस्थाहरु तथा संविधिानको अनुसूची ८ को स्थनीय तहको एकल अधिकार र अनुसूची ९ को साझा अधिकारमा रहेका अनुसूचीहरुमा भएका व्यवस्था दिगो विकासका लक्ष्यहरु स्थानीय सरकार संचालन ऐन संघिय सरकार र कोशी प्रेदश सरकारको समय समयमा प्राप्त भएका मार्ग दर्शन र परिपत्र साथै गाउँपालिकाले आयोजना गरेको वजेट सम्बन्धि छलफल कार्यक्रमवाट प्राप्त राय, सुझावहरु सभावाट प्राप्त सुझावहरु दिर्घकालिन सोच निर्दिष्ट गरेका विषय वस्तुहरु यस कचनकवल गाउँपालिकाका आम नागरिक, राजनैतिक दल, भातृ संगठन, सामाजिक संघ संस्थाहरु ७ वडाहरु, संचार माध्यम, पत्रकार, आम वुद्धिजिवी वर्ग, टोल वस्तीहरुवाट आएका विषयवस्तुहरुलाई समेत यो वजेट निर्माण क्रममा आधार लिएर तयार पारेको छु ।

अब म आ.ब. २०८०/८१ का बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु .

- **लगानी, जनशक्ति, पूर्वाधार विकास र रोजगारी ।**
- **स्थानीय उत्पादनको बजारीकरण र विपन्न वर्गलाई संरक्षण गरी आय आर्जन ।**
- **सुशासनको अभिवद्धि गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमुखी ।**
- **अर्थतन्त्रको पुनरुत्थानका लागि पूर्वाधारमा लगानी, उत्पादन, रोजगारी र वितरण ।**
- **बस्ती विकासको रणनीतिक योजना, कार्यक्रम, भू–उपयोग तथा विकास ।**
- **शिक्षा, स्वास्थ्य र जनजीविकाको उन्नयन र लगानी ।**
- **कृषि, पर्यटक, शैक्षिक तथा औद्योगिक क्षेत्रहरुको विकास एवं प्रवर्द्धन ।**

गाउँसभाका आदरणीय अध्यक्ष एवं

अब म संघिय सरकार, कोशी प्रदेश सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग समेतवाट प्राप्त मार्ग निर्देशन वजेटको परिधि भित्र रहि यस गरिमामय गाउँसभा मार्फत आ.व. २०८०/८१ को लागि चालु तर्फ ४२,८९,१०,०००/- (बयालीस करोड उनानब्बे लाख दस हजार) तथा पूँजीगत तर्फ २०,१२,००,०००/- (बिस करोड बाह्र लाख) समेत कुल रु ६३,०१,१०,०००/- ( त्रिरसाट्ठी करोड एक लाख दस हजार ) को सीमा भित्र रहि बजेट प्रस्तुत गर्दछु । उक्त वजेट सीमामा सामाजिक सुरक्षा भत्ता, १५ शैयाको अस्पताल, गरिबसंग विश्वेस्वर कार्यक्रमको वापत अनुमानित प्राप्त हुने वजेट समावेश गरिएको छैन ।

**(क) वित्तीय समानकिरण अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ तथा प्रदेश)**

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शीर्षक अन्तर्गत संघिय सरकार तथा कोशी प्रदेश वाट प्राप्त सम्पुर्ण अनुदानलाई भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास तथा अन्य तोकिए बमोजिमका कार्यक्रम ( पूँजीगत) खर्च तर्फका कार्यहरुका लागि तथा वडाका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको छु । यस शीर्षक अन्तर्गत संघिय सरकारवाट प्राप्त हुने रु १२,४९,००,०००/- (बाह्र करोड उन्पचास लाख) तथा कोशी प्रदेश सरकारवाट प्राप्त रकम रु ७९,४१,०००/- (उनासी लाख एक्चालिस लाख) गरि जम्मा रु १३,२८,४१,०००/- (तेर करोड अठाइस लाख एक्चालिस हजार) को वजेट विनियोजन गरेको छु ।

**(ख) समपुरक तथा विशेष अनुदानवाट प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)**

यस शीर्षक अन्तर्गत संघिय सरकारको समपुरक अनुदान (पूँजीगत) मार्फत रकम रु ६०,००,०००/- (साठी लाख) तथा विशेष अनुदान (पूँजीगत) को रकम रु १,१५,००,०००/- (एक करोड पन्द्र लाख) र कोशी प्रदेश सरकारको समपुरक अनुदान (पूँजीगत) मार्फत रकम रु १,००,००,०००/- (एक करोड) तोकिए अनुसारको पूँजीगत शीर्षकमा खर्च गर्ने गरी वजेट विनियोजन गरेको छु ।

**(ग) सशर्त अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)**

यस शीर्षक अन्तर्गत संघिय सरकारबाट तोकिए बमोजिमको योजना तथा कार्यक्रम सम्पन्न गर्न चालु खर्च तर्फ रकम रु २५,५७,००,०००/- ( पच्चिस करोड सन्ताउन्न लाख ) र पूँजीगत खर्च रकम रु ४४,००,०००,/-(चौवालिस लाख) समेत गरि जम्मा प्राप्त हुने अनुमानित रकम रु २६,०१,००,०००/- (छब्बीस करोड एक लाख) तोकि आए बमोजिमको शीर्षकहरुमा खर्च गर्ने गरी व्यवस्था मिलाएको छु ।

**(घ) राजस्व वाँडफाँट बाट प्राप्त हुने अनुदान (संघ र प्रदेश)**

यस शीर्षक अन्तर्गत संघिय सरकारको राजस्व वाँडफाँटवाट प्राप्त हुने अनुमानित अनुदान रु १०,४५,९४,०००/- (दस करोड पैतालिस लाख चौरानब्बे हजार) कार्यालयको चाँलु तथा कार्यक्रम तर्फ खर्च गर्ने गरि वजेट विनियोजन गरेको छु । साथै कोशी प्रदेश सरकारको सवारी कर वाँडफाँटवाट प्राप्त हुने अनुदान गत आ.ब.को आधारमा अनुमानित रु ५०,००,०००/- (पचास लाख) तथा घर, जग्गा, रजिष्ट्रेशन दस्तुरवाट प्राप्त हुने रु २६,००,००० /- (अक्षरेपी रु छब्बीस लाख ) लाई चाँलु तथा पुँजीगत खर्चमा खर्च गर्ने गरि वजेट विनियोजन गरेको छु ।

**(ङ) गाउँपालिका विभिन्न कर तथा स्रोतवाट प्राप्त हुने अनुमानित रकम (आन्तरिक आय)**

यस शीर्षक अन्तर्गत गाउँपालिकाका विभिन्न कर तथा स्रोतहरुवाट प्राप्त हुने अनुमानित गरिएको रकम रु १,९२,००,०००/- ( एक करोड बयानव्वे लाख ) प्राप्त हुने अपेक्षा गरेको छु । उक्त शीर्षकवाट प्राप्त हुने रकमलाई चाँलु तथा पूँजीगत शीर्षक एवं कार्यक्रम तर्फ खर्च गर्ने गरी वजेट विनियोजन गरेको छु ।

**(च) गत बर्षको बाँकी (अ.ल्या) हुने अनुमानित रकम**

आ.व. २०७९/८० को अन्त्य सम्म खर्च भइ गाउँपालिकाको स्थानीय कुल सञ्चित कोषमा वाँकी रहने (सशर्त, समपुरक र विशेष अनुदान वाहेकका रकम) गाउँ तथा वडाको दायित्वमा रहने अनुमानित रकम रु ६,५७,५०,०००/- ( छ करोड सन्ताउन्न लाख पचास हजार) लाई गाउँपालिकाको चालु तथा पूँजीगत शीर्षक तर्फ खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

**(छ) नेपाल सरकार, प्रदेश सरकार, दातृ निकाय, विभिन्न संघसंस्था तथा निकायबाट प्राप्त हुने अनुमानित तथा ऋण समेत**

यस शीर्षक अन्तर्गत गाउँ क्षेत्र भित्र संचालन गरिने विभिन्न थप योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक पर्ने रकम नेपाल सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकाय, विभिन्न संघ संस्था समेतवाट दवै पक्षको आपसी समझदारी पत्रमा उल्लेख भए बमोजिम कार्य गर्ने गरी प्राप्त हुने अनुमानित अनुदान तथा ऋण रकम खर्च गर्ने गरि विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यूहरु,

अब यस कचनकवल गाउँपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमहरु तर्फ सशर्त, वित्तीय समानिकरण, राजस्व वाँडफँट, सवारी कर वाँडफाँट, स्रोत वाँडफाँट लगायतका शीर्षकहरुबाट आ.व. २०८०/८१ का लागि तपसिल बमाजिमका शीर्षकहरुमा देहाय अनुसार खर्च गर्ने गरि यस गाउँ सभा समक्ष वजेट विनियोजन गरेको छु ।

**क) स्वस्थ तर्फ**

**'स्वास्थ्य सेवाको विस्तार : पालिका जिम्मेवार'** भन्ने नारालाई आत्मसात गर्दै विपन्न नागरिक स्वस्थ बिमा कार्यक्रमको निरन्तरता संगै थप गर्भवती महिला स्वस्थ विमा कार्यक्रम सुरु गर्न,पाइल्स रोगको आयुर्वेदिक स्वस्थ शिविर संचालन गर्न, अत्यावश्यक एलोपेथीक एवम आयुर्वेदिक औषदी निसुल्क वितरण , अक्सिजन प्लान्ट संचालन, पाठेघरको मुखको क्यान्सर जांच सिविर संचालन, स्वस्थ स्वयमसेविका सम्मान कार्यक्रम, प्राथमिक स्वस्थ केन्द्रमा डिजिटल एक्सरे, लागु औषध एवम आत्महत्या निरुत्साहन कार्यक्रम लगाएत स्वस्थ क्षेत्रमा ५,६२,१०,०००/- (पाँच करोड बैसाठ्ठी लाख दस हजार) बजेट विनियोजन गरेको छु ।

**ख) शिक्षा तर्फ**

**'शैक्षिक क्षेत्रमा पहुँचको विस्तार :कचनकवलवासीको अधिकार '** भन्ने नाराका साथ स्थानीय पाठ्यक्रम निर्माण, विद्यालयका फर्निचर तथा पंखा जडान, विद्यालयमा स्काउट कार्यक्रम संचालन, SEE सर्वोत्कृष्ट छात्र छात्रा प्रोत्साहन ल्यापटप वितरण कार्यक्रम, विद्यार्थीलाई दिवा खाजा कार्यक्रमको निरन्तरता, डिजीटल सिकाई

सामग्री, विद्यालयमा प्रतिभा खोजि कार्यक्रम, गुणस्तर विकास कार्यक्रम लगाएत शिक्षा क्षेत्रमा २३,६३,९४,०००/- (तेहिस करोड त्रिसाठ्ठी लाख चौरानव्वे हजार) विनियोजन गरेको छु ।

**ग) कृषि तथा पशु विकाश तर्फ**

**कृषक र उद्यमी : कचनकवलका सारथी** को नारा बोकेर अध्यक्ष कृषि यान्त्रिकरण कार्यक्रम, माछा बजार व्यवस्थापन, निसुल्क कृतिम गर्भाधान, निशुल्क पशु औषधी कार्यक्रम, माछाका भुरामा अनुदान, दुग्ध विकास कार्यक्रम, पौरखी किसानको मान : गाउँपालिकाको सम्मान कार्यक्रम, भ्याक्सिनेसन कार्यक्रम, हिउँदे घासको बिउमा साझेदारी कार्यक्रम, सुकाती एवम सिद्रा माछा प्याकेजिंग र ब्रान्डीङ, मकैबाली पकेट विकास कार्यक्रमको निरन्तरता, रबर एवम फलफुल खेति प्रवर्धन, कृषि बजार विकास लगायत कृषि एवम पशु विकासका लागि २,२९.९०.०००/- (दुई करोड उन्तिस लाख नब्बे हजार) विनियोजन गरेको छु ।

**घ) रोजगारी तथा सिप विकास**

बिजनेस प्लानका आधारमा सिड मनिको व्यवस्था, टाइल्स बिछयाउने कपाल काट्ने र प्लम्बिङ तालिम संचालन, रोजगार कार्यक्रम, कृषक व्यवसाहिक तालिम, अनलाईन बजारीकरण, लगायत रोजगार तथा सिप विकासका लागि १,३०,००,०००/- (एक करोड तिस लाख) विनियोजन गरेको छु ।

**ङ) पूर्वाधार एवम पर्यटन विकास**

एक वार्ड :एक पक्की सडक कार्यक्रम अन्तर्गत प्रत्येक वार्डमा १ किमी सडक कालोपत्रे

योजना, बनियानी बजारलाई बहुबर्षिय योजनामा समावेस गरि व्यवस्थित बजार गुरुयोजना कार्यान्वयन, खानेपानी पाईपलाईन विस्तार, पर्यटन विकासका लागि कचनकवलमा पाहुना घर होमस्टे, कचनकवल स्थम्भ, केचना पोखरी, बडो केचना झिल, भूतेश्वोर शिवालय, चारकोशे जंगल सहितका पर्यटन करिडोर निर्माण, भूतेश्वोर शिवालयमा संस्कृतिक संग्रालय निर्माण, सईलेज भण्डार गृह सहयोग साझेदारी सहित वडा एवम पालिका स्तरिय पूर्वाधार विकासका योजनाहरु संचालन गर्न २२, २८,५०,०००/- (बाईस करोड अठ्ठाइस लाख पचास हजार) विनियोजन गरेको छु ।

**च) महिला तथा बालबालिका**

महिलाका लागि पन्चेबाजा तालिम र सामग्री हस्तान्तरण कार्यक्रम, बाल क्लब, बाल विवाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम, अपाङ्गता भएका व्यक्तिका लागि साहायक सामग्री वितरण, लैंगिक हिंसा निवारणका लागि संरक्षण कोष स्थापना लगायत महिला तथा बालबालिका विकासको क्षेत्रमा २३,५०,०००/- (तेहिस लाख पचास हजार) विनियोजन गरेको छु ।

**छ) युवा तथा खेलकुद**

नवयुवाको जोश र ज्ञान : कचनकवलको भविष्यको शान नाराका साथ उपाध्यक्ष कचनकवल गोल्डकप संचालन, लक्ष्मी रंगशाला निर्माण, खेल प्रतिभालाई प्रत्फुटन गराउन खेल कार्यक्रमहरु, प्रशिक्षकको व्यवस्था लगायतका युवा तथा खेलकुदका लागि ३१,००,०००/- (एकतिस लाख) बजेट विनियोजन गरेको छु ।

**ज) सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी**

सहकारी प्रवर्धन कार्यक्रम, उत्पादन मुलक क्षेत्रमा लगानी गरि नव प्रवर्धन मार्फत आय आर्जन वृद्धि तथा कृषि सामाग्री बजारीकरणका लागि सहकारी संस्थाहरु संगको साझेदारी कार्यक्रम लगायातका योजनामा १५,००,०००/- (पन्द्र लाख) विनियोजन गरेको छु ।

**झ) विपद व्यवस्थापन**

यस गाउँपालिकामा प्राकृतिक विपत्तिको सामना गर्न तथा विपद प्रतिकार्य योजनाहरु संचालन गरि नागरिकलाई राहत तथा उद्धार सहयोग गर्नका लागि विपद व्यवस्थापन कोषमा १५,००,०००/- (पन्ध्र लाख) विनियोजन गरेको छु ।

**ञ) वन तथा वातावरण**

जंगली हात्तीको नियन्त्रण गर्नको लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा कार्यक्रम संचालन गर्ने , स्थानीय सरकार र सामुदायिक वन उपभोक्ता समुह र गैर सरकारी संस्थाहरुको साझेदारी जैविक विविधताको संरक्षण, हात्ती आहारा व्यवस्थापन लगायत वन तथा वातावरण कार्यक्रम संचालन गर्न १०,००,०००/- (दस लाख) विनियोजन गरेको छु ।

**ट) सुसाशन तथा संस्थागत क्षमता विकास**

जनतासंग जनप्रतिनिधि कार्यक्रम एवम गाउँपालिका तथा वडाबाट सर्वसाधारणलाई प्रदान गरिने सेवालाई छिटो, छरितो ढंगले सेवा प्रदान गर्नलाई अनुगमन, निरिक्षण, सार्वजनिक सुनुवाई, सुशासन तथा संस्थागत क्षमता विकास तथा व्यवस्थापन गर्न, २७,००,०००/- (सत्ताईस लाख) विनियोजन गरेको छु ।

**ठ) कार्यालय संचालन तथा व्यवस्थापन (प्रशासनिक खर्च समेत)**

गाउँपालिका एवम वार्ड कार्यालय संचालन गर्न ७,५५,१६,०००/- (सात करोड पचपन्न लाख सोह्र हजार) विनियोजन गरेको छु ।

**ड) वडाको पुँजीगत अनुदान**

गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम सबै वार्ड कार्यालयहरुलाई विकास निर्माण तर्फ प्रत्येक वडालाई दामासाही रु. १,२०,००,०००/- (एक करोड बिस लाख) का दरले रु. ८,४०,००,०००/- (आठ करोड चालिस लाख) विनियोजन गरेको छु ।

गाउँसभाका आदरणीय अध्यक्ष ज्यू

गाउँसभाका सदस्य ज्यूहरु

म आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिमको परिधि भित्र रहने गरि खर्च गर्न विनियोजित कुल बजेटबाट हाल सम्म विभिन्न चालु तथा पुँजीगत शिर्षकहरुमा प्राप्त हुने राजस्व तथा अन्य कुल आम्दानी र सो बमोजिम खर्चहरुको आय व्ययको पेश भएको प्रस्तुत सन्तुलित बजेटको सारांस विवरण यस सम्मानित गाउँसभाबाट पारित गरिदिनु हुन् हार्दिक अनुरोध गर्दै पेश भएको बजेट तथा कार्यक्रम पारित गरि कार्यान्वयन गर्न सबै राजनीतिक दल, समाजसेवी, आम नागरिकमा अ

चाहन्छु । धन्यवाद

**पेश गर्ने**

नवराज भट्टराई

उपाध्यक्ष

कचनकवल गाउँपालिका